*आ.व. २०७५/०७६ को १९ औं बैठक*

आज मिति **२०७५ साल चैत्र १७ गते बुधवार विहान ८ : ०० बजे** राप्ती गाउँ कार्यपालिकाका अध्यक्ष **श्री नुमानन्द सुवेदीज्यू**को अध्यक्षता र तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक वस्यो । बैठकको उपस्थिति प्रस्ताव एवं निर्णयहरु तपसिल बमोजिम रहेका छन ।

उपस्थिति

अध्यक्ष श्री नुमानन्द सुवेदी, राप्ती गाउँकार्यपालिका ।

उपाध्यक्ष श्री जगदम्वाकुमारी चौधरी ,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री टेकबहादुर कुमाल,राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री बेदप्रसाद चौधरी, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री बिष्णुबहादुर घर्ति क्षेत्री, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री कुवारी देवी कार्की, राप्ती गाउँ कार्यपालिका ।

सदस्य श्री जगतबहादुर थापा, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विष्णु गुरुङ्ग, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री ताराबहादुर डि.सी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री गोकर्णबहादुर रानामगर, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री गोवर्धन रावत, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री विद्याशरण चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री सुनितामल्ल, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री ताराकुमारी चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री चन्दर चौधरी, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री रिमबहादुर सुनारी मगर, राप्ती गाउँकार्यपालिका ।

सदस्य श्री संजिव परियार, राप्तीगाउँ कार्यपालिका ।

सदस्य-सचिव श्री राम प्रसाद शर्मा, राप्ती गाउँ कार्यपालिका ।

**आमन्त्रित**

१. श्री रेशमराज अधिकारी स.ले.पा.

## प्रस्तावहरु :

१. संघीय सरकारमा आर्थिक बर्ष २०७६/०७७ मा माग गरिने योजनाहरु सम्वन्धमा ।
२..दुर्घनटना भएको गाडी मर्मत सम्वन्धमा ।
३.. दरवन्दी वाहेकका कर्मचारीहरुको पारिश्रमिक सम्वन्धमा ।
४. कानूनी सल्लाहकारको म्यादथप सम्वन्धमा ।
५.रासी चक्रपथको ट्र्याक खोल्ने सम्वन्धमा ।
६.बिद्धुतिकरण लगायत योजनाको वजेट कार्यान्वियन सम्वन्धमा ।
७. बैकल्पिक उर्जाको वजेट बाँडफाँड सम्वन्धमा ।
८.. थारु कलाकार संघले माग गरेको आर्थिक सहयोग सम्वन्धमा ।
९.करार सेवामा प्राविधिक भर्ना सम्वन्धमा ।

निर्णय नं १

प्रस्ताव नं १ माथि छलफल गर्दा आर्थिक बर्ष २०७६/०७७ का लागि यस रासी गाउँपालिकामा देहाय बमोजिमका ठूला योजनाहरु छनौटका लागि संघीय सरकार समक्ष सिफारिश गर्ने निर्णय गरियोः

१.सिसहनिया स्वास्थ्यचौकी स्तर बृद्धि गरि २५ शैयाको अस्पताल निर्माण ।

२.रासी चक्रपथ ट्र्याक खोल्ने तथा कालोपत्रे गर्ने ।

३ श्रीनारायणचोक उत्तर दोलैखोलामा पक्की पूल निर्माण ।

४.भालुवाङ राष्ट्रिय मा वि देखि अर्घाखाँची जोडने रासी नदीमा पक्की पुल

५ चैते घोराही जोडने विपी मार्ग कालोपत्रे ।

निर्णय नं २

प्रस्ताव नं २ माथि छलफल गर्दा यस गाउँपालिकाको स्वामित्वमा रहेको सवारी साधन(महिन्द्रा बोलेरो गाडी) २०७५/११/१२ मा दुर्घटना भइ क्षति भएको र सो गाडी मर्मतका लाग कम्पनीको आधिकारिक बिक्रेता फर्म लोक सुसिला अटो कन्सर्न बुटवलद्वारा पेश भएको कोटेशन अनुसार मर्मत गरी मर्मत संभार शिर्षकवाट भुक्तानी गर्ने निर्णय गरियो ।साथै उक्त गाडी मर्मत भई नआए सम्मका लागि एक बोलेरो गाडी भाडामा प्रयोग गर्ने निर्णय गरियो ।

निर्णय नं ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा यस गाउँपालिकामा विभिन्न पदमा कार्यरत दरवन्दी वाहेकका तपशिलका कर्मचारीहरुलाई सेवा करार संझौता गरि पारिश्रमिक भुक्तानी गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रादान गर्ने निर्णय गरियोः

१.संचार संयोजक श्री तिर्थराज ज्ञवाली

२.स क अ श्री सुनिता वस्नेत ।

३ कार्यालय सहायक सा प श्री विष्णुमाया चौधरी

४. कार्यालय सहायक सा प श्री सन्तोषी चपाई

५ अमिन श्री शिवराज चौधरी ।

निर्णय नं ४

प्रस्ताव नं ४ माथि छलफल गर्दा यस गाउँपालिकाका कानूनी सल्लाकार श्री सन्तोष पोखेल संग आगामी १ वर्षका लागि करार संझौता नविकरण  गर्ने निर्णय गरियो ।

निर्णय नं ५

प्रस्ताव नं ५ माथि छलफल गर्दा यस गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार राप्ती चक्रपथको ट्र्याक खोल्ने कार्य यस चक्रपथको पश्चिम सिंगे खोला देखि पूर्व तर्फ काम हुने गरी शुरु गर्ने र उक्त काम टेन्डर प्रकृयावाट  गर्ने निर्णय गरियो ।

निर्णय नं ६

प्रस्ताव नं ६ माथि छलफल गर्दा यस गाउँपालिकाका विभिन्न विद्दुतिकरण सम्वन्धी योजनाहरु उपभोक्ता समिति मार्फत संचालन गर्ने  र  भालुवांग आँपखोली वाटो कालोपत्रे सम्वन्धी काम टेण्डर प्रकृयावाट गर्ने निर्णय गरियो

निर्णय नं ७

प्रस्ताव नं ७ माथि छलफल गर्दा यस गाउँपालिकाको बैकल्पिक उर्जा शिर्षकको रकम रु ४,७३,०००/-वाट देहाय बमोजम स्थानहरुमा सोलर सहितको पावर ब्याक अप जडान गर्ने निर्णय गरियो:

१ राप्ती गाउँ कार्यपालिकाको कार्यालय मसुरीया ।

२राप्ती गाउँपालिका ९ नं वडा कार्यालय रुपाकोट ।

निर्णय नं ८

प्रस्ताव नं ८ माथि छलफल गर्दा विभन्न कार्यक्रमका लाग यस कार्यालय संग आर्थिक सहयोग माग भएकोमा देहायका संघ संस्थाहरुलाई देहाय बमोजिम रकम विविध खर्च शिर्षकवाट भुक्तानी  गर्ने निर्णय गरियो:

१. थारु कलाकार संघ दाङ रु १०,०००/-

२. अपांग संघ दाङ रु १५,०००/-

निर्णय नं ९

प्रस्ताव नं ९ माथि छलफल गर्दा यस गाउँपालिका वडा नं २ मा कार्यरत असिस्टेन्ट सव ईन्जिनियरको पद रिक्त भएकोले उक्त पदमा ***"राप्ती गाउँपालिका करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि,२०७५"*** बमोजिम एक जना असिस्टेन्ट सव ईन्जिनियर करार सेवामा भर्ना गर्ने निर्णय गरियो ।